# स्थानीय राजपत्र

## दिप्रुङ चुइचुम्मा गाउँपालिकाद्धारा प्रकाशित

खण्ड-५ सङ्ख्या : १ मिति : २०७९/०३/१३

## भाग -१

## विनियोजन ऐन, २०७९

### दिप्रुङ चुईचुम्मा गाँउपालिकाको विनियोजन ऐन २०७९

(दिप्रुङ चुइचुम्मा गाँउपालिकाको आर्थिक वर्ष २०७९/०८० को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन)

### प्रस्तावना

**दिप्रुङ चुइचुम्मा गाँउपालिकाको** आर्थिक वर्ष २०७९/०८० को सेवा कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप- धारा (२) बमोजिम **दिप्रुङ चुइचुम्मा गाँउपालिकाको विनियोजन ऐन, २०७९** ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "**दिप्रुङ चुइचुम्मा गाँउपालिकाको** विनियोजन ऐन २०७९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. आर्थिक वर्ष २०७९/०८० को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार : (१) आर्थिक वर्ष कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालू खर्च पूँजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु २२,७३,५४,०००।०० (अक्षेरुपी बाईस करोड त्रीहत्तर लाख चवन्न हजार मात्र) मा नवढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ । साथै गाउँपालिकाको संचित कोषमा मौज्दात रहने रकम गा.पा.को वैठकले निर्णय गरी खर्च गर्न सकिनेछ ।

३. विनियोजन : (१) यस ऐनद्धरा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७९/०८० को निमित्त **दिप्रुङ चुइचुम्मा गाँउपालिकाको** गाँउ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखीएको भए तापनि कार्यपालिका , वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनै अपुग हुने देखिन आएमा गाँउ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा, खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकमा सार्न र वित्तीय व्यवस्था अन्तर्गत सावा भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाँउ सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूची -१
(दफा २ संग सम्बन्धित )
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
संचित कोषबाट विनियोजन हुने रकम

**(क) संचित कोषबाट बाँडफाड गरी खर्च गर्न सकिने बजेट विवरण**

| दिपर्ङ चुइचुम्मा गाउँपालिको आ.व. २०७९/८० को अनुमानित बजेट विनियोजन | | | |
|---|---|---|---|
| **क्र.सं.** | **विवरण** | **रकम** | **कैफियत** |
| १ | प्रशासनिक चालु खर्च (वडासहित) | ७,२४,५०,००० | |
| २ | गाउँपालिका पूजीगत खर्च | ११,०९,००,००० | |
| ३ | १ नं. वडा पूजीगत खर्च | ६०,५७,००० | |
| ४ | २ नं. वडा पूजीगत खर्च | ६१,३८,००० | |
| ५ | ३ नं. वडा पूजीगत खर्च | ५१,२१,००० | |
| ६ | ४ नं. वडा पूजीगत खर्च | ७७,४८,००० | |
| ७ | ५ नं. वडा पूजीगत खर्च | ५६,००,००० | |
| ८ | ६ नं. वडा पूजीगत खर्च | ५५,२५,००० | |
| ९ | ७ नं. वडा पूजीगत खर्च | ७८,१५,००० | |
| | **जम्मा** | **२२,७३,५४,०००** | |

आज्ञाले
लोकेन्द्र बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मिति :२०७९/३/१३